# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०१।१९ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८०।०१।१९ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ ।

प्रवक्ता
भोला दाहाल

# देहायः

| क्र सं. | प्रतिवादी | मुद्दा | आयोगको मागदाबी | विशेष अदालतको फैसला र आधार | सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधार |
|---|---|---|---|---|---|
| १ | अखिलेन्द्रकुमार यादव, जवाहरलाल झा, जयचन्द्रप्रसाद जयसवाल<br>(वि.अ. को मु.नं. ०७५-CR-०२७३, वि.अ. को फैसला मिति २०७९।८।२६) | सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको। | निज प्रतिवादी अखिलेन्द्रकुमार यादवलाई रू. ३३,२४,३९१।०८ बराबरको सार्वजनिक सम्पत्ति हिनामिना, हानि नोक्सानी एवम् दुरूपयोग गरेको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा हानि नोक्सानी गरेको रू.३३,२४,३९१।०८ बिगो कायम गरी ऐ ऐनको दफा ३(१) र दफा ३(१)(छ) वमोजिम सजाय हुन र विगो रू. ३३,२४,३९१।०८ ऐ ऐनको दफा १७ बमोजिम असुलउपर गर्न मागदाबी लिइएकोमा बिगो रू ६,५२,६५०।– कायम गरी फैसला भएको। त्यसैगरी प्रतिवादी जवाहरलाल झालाई रू. ५,८१,३८५।– वरावरको सार्वजनिक सम्पत्ति हिनामिना, हानिनोक्सानी एवम् दुरूपयोग गरेको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ वमोजिमको कसुरमा रू.५,८१,३८५।– विगो कायम गरी निजलाई ऐ. ऐनको दफा ३(१) र दफा ३(१)(ङ) बमोजिम | <u>**फैसला**</u> बिगो कम गरी ठहर।<br><u>**आधार**</u><br>पूँजीगत खर्च गर्दा वा पेश्की दिँदा र पेश्की फछ्र्यौट गर्दा भएका प्रचलित नियम कानुन र कार्यविधिबमोजिम गरेको खर्च पुष्टि हुने गरी बिल भरपाई लगायतका आवश्यक कागजातहरू संलग्न नरहनु, नियम नपुग्नु आफैमा भ्रष्टाचारको कसुर नभई बेरूजुमात्र हुने। भ्रष्टाचारमा गलत नियत अर्थात् बदनियत तत्वको विद्यमानता देखिनुपर्छ। भ्रष्टाचारमा व्यक्तिगत फाइदा लिनखानका लागि झुट्टा कागजातहरू, बिल भरपाइहरू बनाएर हुँदै नभएको, गर्दै नगरेको कामको पनि गरेको हो, दिएको हो भनी रकम निकालेर खाएको भन्ने कुरा पुष्टि हुनुपर्छ। भ्रष्टाचार हुनु र बेरूजु हुनु फरक-फरक विषय हुन्।<br>लेखापरीक्षण प्रतिवेदनमा लेखापरीक्षण निर्देशिकाबमोजिम श्रेष्ता नराखेको, पेश्की फछ्र्यौट गर्नेतर्फ कारवाही नगरेकोजस्ता टिप्पणी गरेर बेरूजु औँल्याई सुझाव दिएको; लेखा परीक्षकले बेरूजु रहेको सन्दर्भमा मौकामा तथा अदालतमा बकपत्रसमेत गरेको; पूँजीगत खर्च गर्दा वा पेश्की फछ्र्यौट गर्दा आवश्यक कागजातहरू संलग्न नभएको सन्दर्भमा प्रतिवादीहरूले मौकामा तथा अदालतसमक्ष वयान गर्दा कतिपय बिल भरपाई कार्यालयले माग नगरेको कारण पेश नगरेको | क.**सामाजिक सुरक्षा रकम हिनामिना सम्बन्धमा**- साविक भसेढवा गा.वि.स. को आ.व. २०६७/६८ देखि आ.व. २०६९/७० को तथा आ.व. २०७०/७१ को दोस्रो चौमासिकसम्मको सामाजिक सुरक्षा भत्ता वितरण गर्दा सार्वजनिक निकायले अवलम्वन गर्नुपर्ने आर्थिक प्रशासनसम्वन्धी नियमहरूको सामान्य पालनसमेत भएको देखिदैन। सामाजिक सुरक्षा भत्ता वितरणमा प्रयोग भएका भरपाइहरू सो गा.वि.स. का तत्कालीन कर्मचारीहरूको औँठाछापको परीक्षण प्रतिवेदनबाट सो गा.वि.स. का विभिन्न पदाधिकारीहरूको औँठाछापहरूसँग मेल खाएको उल्लेख भई आएको तथा केही औँठाछापहरू एकै व्यक्तिको भनी उल्लेख भएको अवस्थामा आरोपपत्रमा प्रतिव्यक्ति कसूरको दाबी लिइएकोमा दाबीबमोजिम ठहर नगरी कम रकम जोडजम्मा गरी फैसला गरेको त्रुटिपूर्ण छ।<br>ख.**चालू तथा पूँजीगत खर्च रकम हिनामिना सम्बन्धमा**- साविक भसेढवा गा.वि.स. को आ.व. २०६७/६८ देखि आ.व. २०६९/७० को चालू तथा पूँजीगत खर्चको गोश्वरा भौचरसहितको स्रेस्ताहरू अध्ययन गर्दा साविक भसेढवा गा.वि.स. मा कार्यरत कर्मचारीहरूले नै विकास निर्माणका कार्यहरू अमानतवाट गर्न भनी पेश्कीस्वरूप रकम लिने गरेको तथा पेश्की लिएको सवै रकम फछ्र्यौटका लागि निवेदनसमेत नगरेको तथा केही रकम फछ्र्यौट गर्न निवेदन गर्दाको समयमा पेश गरिएका कागजातहरूवाट कार्यसम्पन्न भएको भनी पुष्टि गर्न सकिनेसमेत नदेखिएको हुँदा पेश्की लिनेले नै सरकारी रकम मासेकोसमेत देखिन्छ। उपभोक्ता समितिका अध्यक्ष भनी पेश्की दिएका व्यक्तिहरूवाट नियमानुसार बिल भरपाई पेश गरी पेश्की फछ्र्यौट नगरेको अवस्थामा सरकारी रकम दुरूपयोग भएको देखिन्छ। गा.वि.स. बाट कार्यालय सञ्चालनसम्वन्धी वजेट खर्च गर्दा प्रचलित आर्थिक ऐन, नियम पालन नगरी खर्च गरेको, गोश्वरा भौचरहरूमा खर्च प्रमाणित हुने बिल भरपाई नै नराखी खर्च गरिएको, खर्च गर्दा न्यूनतम आवश्यक कागजातहरू नराखिएको, बिल भुक्तानी गर्दा कार्यालयको जिम्मेवार कर्मचारीहरूको नाममा नै चेक वनाइएको, खर्च लेखिएका बिलहरू कार्यालय प्रमुखवाट प्रमाणित नभएको, भ्रमण खर्चसम्वन्धी गोश्वरा भौचरहरूमा स्वीकृत नभएका भ्रमण आदेशहरूमा समेत भुक्तानी भएको, भ्रमणको प्रयोजन नखुलेको, भ्रमण गरेको स्पष्ट आधार खुल्ने कागजात संलग्न नभएको, तत्कालीन अवस्थामा भ्रमण गरेको स्थानको होटल बास खर्च लिन होटल बिल आवश्यक पर्नेमा सोसमेत संलग्न नभएको, जिल्ला विकास समिति, रौतहटका लेखापाल तथा सहलेखापाललाई विना प्रयोजन, अनुपयुक्त स्थानमा भ्रमण गरेकोसमेत देखाई न्युनतम आवश्यक कागजातहरू समेत नराखी भ्रमण खर्च भुक्तानी गरिएको, पूँजीगत खर्चतर्फ अधिकांश वजेट कार्यालयका कर्मचारीको नाममा पेश्की दिइएको तथा केही रकमहरू उपभोक्ता समितिका अध्यक्षलाई पेश्की दिइएको, उपभोक्ता समितिमार्फत गराइएको भनिएको विकास निर्माणका कार्यहरूमा नै उपभोक्ता समिति गठन गरेको प्रमाण, उपभोक्ता समितिका पदाधिकारीहरू नखुलेको, उपभोक्ता समितिको पदाधिकारीहरूको नागरिकता प्रमाणपत्रको छायाँप्रति नराखिएको, डिजाइन, इस्टिमेट आदि नभएको, कार्यसम्पन्न भएको प्रमाण खुल्ने कार्यसम्पन्न प्रतिवेदन, नापी किताव, फोटो, उपभोक्ता समितिको निर्णय, अनुगमन समितिको निर्णय एवम् प्रतिवेदनलगायतका कागजातहरू नराखिएको र भएको काम नखुल्ने बिलहरू राखिएको र यसरी राखिएका बिलहरू समेत प्रमाणित नभएको, अमानतवाट नियमानुसार गर्न पाउने सीमाभन्दा अधिक रकममा कर्मचारीले नै पेश्की लिएको तथा पेश्की नलिएकोमा समेत सामान्य बिल वा भरपाइ प्रयोग गरी कर्मचारीले नै भुक्तानी लिएको, कतिपय बिलहरू परीक्षण गर्दा आन्तरीक राजश्व विभागवाट बिलहरूको सत्यापन परीक्षण नभएको एवम् फर्मले समेत आफूले जारी नगरेको र फर्मको उद्देश्यसँग समेत मेल नखाने बिल भनी कागज गरिदिएको अवस्थामा केवल बिल भरपाइ पेश नभएकोले बेरूजु हुने भनी गरिएको फैसला त्रुटिपूर्ण छ। प्रस्तुत वारदातमा प्रतिवादीहरूको Mens Rea र Actus Reus दुवै तत्व विद्यमान रहेको अवस्था पुष्टि भएको देखिएकोमा प्राप्त प्रमाणहरूको उचित मुल्याङ्कन नगरी प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसला प्रमाण मूल्याङ्कनको रोहमा त्रुटिपूर्ण भई बदरभागी छ।<br>ग. साविक भसेढवा गा.वि.स.को प्राविधिक सहायक अखिलेन्द्रकुमार यादवले आवश्यक कागजात थाहा नभएर नराखेको, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सजाय हुन र विगो रू. ५,८१,३८५।– ऐ. ऐनको दफा १७ बमोजिम असुलउपर गर्न मागदावी लिइएकोमा रू ७८,७००।– बिगो कायम गरी फैसला भएको तथा अर्को प्रतिवादी जयचन्द्रप्रसाद जयसवाललाई ऐ ऐनको दफा १७ वमोजिमको कसुरमा हानिनोक्सानी गरेको रू. २,७१,८७५।– विगो कायम गरी ऐ ऐनको दफा ३(१) र दफा ३(१)(घ) बमोजिम सजाय हुन र विगो रू. २,७१,८७५।– ऐ ऐनको दफा १७ वमोजिम असुलउपर गर्न मागदावी लिइएकोमा बिगो रू १,८४,४००।- बिगो कायम गरी फैसला भएको। | र कतिपय पेश गर्नुपर्छ, ती कागजाहरू संलग्न राखुपर्छ भन्ने जानकारी नभएको कारण नराखेको भनेको; उपभोक्ता समिति मार्फत सडक मर्मत लगायतका विकास निर्माणको लागि पेश्की दिँदा पछि कागजातहरू पेश गर्छु भनेको कारण विश्वासमा परेर पेश्की उपलब्ध गराएको, पेश्की फछ्यौट गर्न पटक-पटक ताकेता गरिरहेको भन्ने जवाफ दिएको। प्रतिवादीहरूले गरेको पूँजीगत खर्च तथा पेश्की रकमबाट भएको खर्चमा गलत नियत राखेर रकम खाने मास्ने गरेको नदेखिएको; लेखापरीक्षण प्रतिवेदनबाट समेत बेरूजु देखाएको सन्दर्भमा नियमबमोजिम बेरूजु रकम फछ्यौट गर्नुपर्ने र फछ्यौट गर्न नसके त्यसको दायित्व सम्बन्धित व्यक्तिबाट वहन गराई नियमित गराउने मार्ग बाँकी रहने नै देखिँदा पूँजीगत खर्च आरोपदावी पुग्न नसक्ने।<br>प्रतिवादीहरूले लाभग्राहीहरूलाई सामाजिक सुरक्षा भत्ता वितरण नगरी आफैले खाइमासेको तथ्य विधिविज्ञान प्रयोगशालाको प्रतिवेदनले समेत पुष्टि गरेकोले सामाजिक सुरक्षा भत्ता हिनामिना गरेको। | कतिपय पेश्की लिएको रकम पछि बिल भरपाई पेश गर्छु भनी बिल पेश गर्न नसकेको, उपभोक्ता समिति गठन गर्दा वादविवाद उत्पन्न हुने गरेकोले आफैले पेश्की लिने गरेको, ग्रामीण विद्युतीकरणको लागि पेश्की लिएको केही रकम असहज परिस्थितिको कारण काम गर्न नसकिएको अवस्थाले पेश्की फछ्यौट नगरेको, विद्युतीकरणको लागि लिएको पेश्कीमध्ये केही रकम हालसम्म पेश्की फछ्यौट गर्न बाँकी रहेको, सामाजिक सुरक्षा भत्ता आफूले तयार र वितरण गरेको भत्ता नपाएका/मृत्यु भएका कुरा मुचुल्का गरेको सम्वन्धित व्यक्तिमध्ये आ.व. २०६७/६८ मा रू.१०,०००/-, आर्थिक वर्ष २०६८/६९ मा रू.१५,०००/- र आर्थिक वर्ष २०६९/७० मा रु १७,०००/- मैले लिएको, सामाजिक सुरक्षा भत्तामा आफै सहीछाप गरेको रकम सम्वन्धित व्यक्तिले नपाएको भनेमा दाखिल गर्छु भनी अनुसन्धानमा बयान गरेको अवस्थामा निजले कसूर स्वीकार गरी बयान गरेको अवस्था छ। अदालतको बयानमा पहिला बिल पेश गरी पेश्की लिने गरेको भनी प्रचलित कानूनविरूद्ध कार्य गरेको भनी स्वीकार गरेकै अवस्था छ।<br>घ. तत्कालीन भसेढवा गा.वि.स.का सचिव जयचन्द्रप्रसाद जयसवालले पेश्की मौखिक मागकै आधारमा दिने गरेको तथा प्रा.स. अखिलेन्द्रकुमार यादव पहिलेकै आर्थिक वर्ष देखि अमानतवाट काम गर्दै आएको देखिएकोले पेश्की दिएको, प्रा.स. अखिलेन्द्रकुमार यादवलाई फछ्यौट गर्ने आधिकार नरहेको भनी अनुसन्धानको क्रममा वयान गरेको अवस्थामा निजले प्रचलित कानुनबमोजिम काम नगरेको पुष्टि भइरहेको पाइन्छ। अदालतको बयानमा समेत निजले कतिपय कामहरू दबाबमा गरेको भनी आरोपदाबीबाट उम्कने प्रयत्न गरेको पाइन्छ।<br>ङ. साविक भसेढवा गा.वि.स. को तत्कालीन सचिव जवाहरलाल झाले दैनिक भ्रमण भत्ता बुझेकोमा होटल बिल र प्रतिवेदन छुट भएको, खर्च भएका रकमहरूमा काम भएको तर कागजात पूरा नभएको भनी उल्लेख गरेको हुँदा आरोपीहरूले कार्यालयको वजेट खर्च गर्दा त्रुटि भएको, सो कारोवारमा आफ्नो संलग्नता रहेको, सामाजिक सुरक्षा भत्तातर्फ केही रकम आफूले वुझिलिएकोजस्ता तथ्य स्वीकार गरी बयान गरेकोले निजले कसूरमा आफ्नो संलग्नता स्वीकारै गरेको पाइन्छ।<br>च. भ्रष्टाचारको कसूर ठहर्न त्यस्तो कार्यमा बद्नियत तत्वको विद्यमानता अपरिहार्य मानिन्छ। भ्रष्टाचारको कसूर प्रमाणित हुन मनसायतत्वको साथै बद्नियतपूर्ण क्रियाबाट कार्यकारण भएको भन्ने प्रष्ट देखिनुपर्ने हुन्छ। यी प्रतिवादीहरूले बद्नियतपूर्वक सामाजिक सुरक्षा भत्ता हिनामिना गरेको भनी अदालतले ठहर गरिसकेको अवस्थामा प्रतिवादीहरू आफै निर्णय गर्ने पदाधिकारी रहने, आफैले पेश्की लिने र पेश्की फछ्यौट पनि नगर्ने तथा आवश्यक बिल भरपाइ पनि पेश नगर्ने अवस्थामा यी प्रतिवादीहरूको बद्नियत नरहेको भनी असान्दर्भिक नजीर उद्धृत गर्दै सफाइ दिइएको त्रुटिपूर्ण रहेको छ। फैसलामा तथ्य नै फरक रहेको नि नं १०२०८ उद्धृत गरिएको पाइन्छ। उक्त मुद्दामा *विवादित विद्यालयले निकासा पाएको अनुदान रकम नियमसम्मत खर्च नगरेको भनी अनुदान दिने सरकारी निकायले बेरूजुसरह दाखिला गर्न अनुमति दिएको र बेरूजु स्वीकार गरी विद्यालयले राजस्व खातामा जम्मा गरी असुल गरिसकेको अवस्था रहेको छ* भने प्रस्तुत मुद्दाको तथ्यगत अवस्था फरक छ। उक्त फैसलामै *भ्रष्टाचारको कसुर स्थापित हुन सरकारी सम्पत्ति दूषित मनसायबाट खर्च गरी हानि नोक्सानी पुऱ्याउने नियत र त्यसबाट आफूले लिनुखानु गरेको भन्ने प्रष्टरूपमा देखिनुपर्छ भने बेरूजुको हकमा बिल भरपाइद्वारा पुष्टि गराउन नसके बेरूजु भएको रकम खर्च गर्ने अख्तियारवालाले दाखिल गर्नु गराउनु पर्नेसम्मको दायित्व हुन्छ* भनिएको छ। यी प्रतिवादीहरूले असल नियतले काम गरेको नदेखिएको प्रस्तुत मुद्दामा प्रचलित कानुनी प्रावधान विपरीत कार्य गरेको तथ्य माथि प्रकरण “क”, “ख” र “ग” मा उल्लेख भइसकेको छ। **वस्तुतः नजीरको पालन र प्रयोग न्यायिक निरन्तरता, निश्चितता र न्यायिक अनुशासन कायम राख्न आवश्यक हुन्छ तर यसमा सतर्कता अपनाउनु पनि उत्तिकै आवश्यक हुन्छ। समान तथ्ययुक्त कुनै विवादको विषयमा कायम भएको कानूनी सिद्धान्त त्यस्तै तथ्य भएको अर्को विवादको विषयमा लागू हुन्छ। फरक तथ्य र फरक परिस्थितिको मुद्दामा कायम नजीर विषयको समानता वा पछिल्लो मुद्दाको नामकरणमा समानताको आधारमा मात्र पहिलाभन्दा विल्कुलै फरक तथ्ययुक्त मुद्दाको निर्णय गर्दा प्रयोग गर्न वा लागू गर्न मिल्दैन। यसकारण नजीरको पालन र प्रयोगमा पनि न्यायिक विवेक प्रयोग गर्दै सतर्कता अपनाउनुपर्छ।**<br>छ. सम्मानीत विशेष अदालतबाट फैसला हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५९(ङ) मा *कुनै राष्ट्रसेवक वा* |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | ***व्यक्तिउपर यस ऐनअन्तर्गत मुद्दा दायर भएकोमा त्यस्तो राष्ट्रसेवक वा व्यक्तिउपर नेपाल सरकार वा सार्वजनिक संस्थालाई पुग्न गएको हानिनोक्सानी भराउन सकिने कुनै कानुनी व्यवस्था रहेछ भने सोही कारणले मात्र यस ऐनअन्तर्गत् मुद्दा चलाउन बाधा पुग्ने वा सोही कारणले मुद्दा खारेज हुने छैन*** **भन्ने स्पष्ट कानूनी व्यवस्था उल्लेख भएको अवस्थामा नेपाल सरकारको रकम हानिनोक्सानी भइरहेको देखिँदादेखिँदै कार्यालयको चालू तथा पूँजीगत खर्चका सम्बन्धमा प्रतिवादीहरूलाई सफाइ दिने गरी गरिएको फैसला त्रुटिपूर्ण छ।**<br>ज. तसर्थ साविक भसेढवा गा.वि.स. का तत्कालीन सचिवहरू जवाहरलाल झा, जयचन्द्रप्रसाद जयसवाल र प्राविधिक सहायक अखिलेन्द्रकुमार यादवले नेपाल सरकारवाट प्राप्त सरकारी वजेट रकम खर्च गर्दा न्युनतमरूपमा अवलम्वन गर्नुपर्ने विधिसमेत अवलम्वन नगरेको, खर्चको पुष्ट्याइँ हुन नसकेको, बिल भरपाइको प्रामाणिकता पुष्टि हुन नसकेको अवस्थासमेतका आधारमा साविक भसेढवा गा.वि.स. को चालू तथा पूँजीगत खर्च हिनामिना, हानिनोक्सानी गरी तथा सामाजिक सुरक्षा भत्ता रकम आफैले वुझिलिई सार्वजनिक सम्पत्ति हिनामिना गरेको देखिएकोमा निजहरूलाई बिगो कायम गर्दा आरोप दाबीबमोजिम गरिएको छैन। प्रतिवादी अखिलेन्द्रकुमार यादवको हकमा हानि नोक्सानी गरेको रू. ३३,२४,३९१।०८ बिगो कायम गरिएकोमा रू ६,५२,६५०।– , प्रतिवादी जयचन्द्रप्रसाद जयसवाललाई रू २,७१,८७५।–बिगो कायम गरिएकोमा बिगो रू १,८४,४००।- र प्रतिवादी जवाहरलाल झालाई रू.५,८१,३८५।–विगो कायम गरिएकोमा रू ७८,७००।–बिगो कायम गरी गरिएको फैसला त्रुटिपूर्ण छ। |